apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

सूचना

शुभ दीपावली तथा छठ पर्वको पावन अवसरमा आफ्नो फोटोसहितको शुभकामना विज्ञापन पत्रिकामा प्रकाशन गर्न इच्छुक महानुभाव, जनप्रतिनिधि, संघ-संस्था, राजनीतिक दल, व्यवसायी तथा सम्पूर्ण शुभेच्छुकहरूलाई समयमै सम्पर्क गर्न हार्दिक अनुरोध गरिन्छ।

आफ्नो शुभकामना सन्देश तथा फोटोसहितको विज्ञापन प्रकाशन गराउनका लागि आजै सम्पर्क गर्नुहोला।

सम्पर्क नम्बर

०३३-५२१२१४, ९८५४०२१७३९, ९८५२८२१२१४

● वर्ष: १२ ● अंक: २९२ ● पृष्ठ: ४ ● २० कार्तिक २०८३ शुक्रबार (06 November 2026. Friday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्य: रु.५/

जेहेन्दार र विपन्न विद्यार्थीलाई छात्रवृत्ति दिने सिरहा नगरपालिकाको नयाँ व्यवस्था

छात्रवृत्ति वितरण कार्यविधि २०८३ लागू, लक्षित वर्गका विद्यार्थीलाई प्राथमिकता

रुन्केश कामती/अपन दैनिक
सिरहा, कार्तिक १९ गते



सिरहा नगरपालिकाले जेहेन्दार, विपन्न तथा लक्षित वर्गका विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउन 'छात्रवृत्ति वितरण तथा व्यवस्थापन कार्यविधि, २०८३' लागू गरेको छ।

नगरपालिकाभित्र स्थायी बसोबास गर्ने र नेपालभित्रका शैक्षिक संस्थामा विज्ञान, प्राविधिक शिक्षा, मानविकी लगायतका विषय अध्ययनरत विद्यार्थीलाई व्यवस्थित, पारदर्शी र प्रभावकारी रूपमा छात्रवृत्ति उपलब्ध गराउने उद्देश्यले कार्यविधि ल्याइएको नगरपालिकाले जनाएको छ।

कार्यविधिअनुसार जेहेन्दार, आर्थिक रूपमा विपन्न, बाबुआमा गुमाएका तथा लक्षित वर्गका विद्यार्थीलाई छात्रवृत्तिमा प्राथमिकता दिइनेछ। लक्षित समूहमा एकल महिला, अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाति, अल्पसङ्ख्यक, दलित, शहीद तथा बेपत्ता पारिएका परिवारका सदस्य, घाइते तथा अपाङ्गता भएका व्यक्तिका परिवार, वैदेशिक रोजगारीका क्रममा मृत्यु भएका कामदारका परिवार तथा प्राकृतिक र गैरप्राकृतिक प्रकोपबाट प्रभावित परिवारका सदस्यलाई समेटिएको छ।

छात्रवृत्ति वितरणलाई व्यवस्थित बनाउन नगर प्रमुखको अध्यक्षतामा छनोट तथा वितरण समिति गठन गरिने व्यवस्था गरिएको छ। समितिमा प्रमुख प्रशासकीय अधिकृत, नगर शिक्षा समितिका सदस्य, नगर प्रमुखले तोकेका कम्तीमा तीन जना सदस्य (एक महिलासहित) र शिक्षा शाखा प्रमुख सदस्य सचिव रहनेछन्।

कार्यविधिअनुसार छात्रवृत्तिका लागि कम्तीमा १५ दिनको समय दिएर आवेदन आह्वान गर्नुपर्नेछ। आवेदनसम्बन्धी सूचना नगरपालिकाको वेबसाइट, फेसबुक पेज तथा वडा कार्यालयका सूचना पाटीमार्फत सार्वजनिक गरिनेछ।

प्राप्त आवेदन र आवश्यक कागजातका आधारमा समितिले मूल्याङ्कन गरी योग्यताक्रम निर्धारण गर्नेछ। छनोट भएका विद्यार्थीको विवरण सार्वजनिक गर्नुका साथै कम्तीमा २० प्रतिशतसम्म वैकल्पिक योग्यताक्रमको सूचीसमेत तयार गर्नुपर्ने व्यवस्था गरिएको छ।

त्यस्तै, छात्रवृत्ति वितरणको अभिलेख अद्यावधिक राख्ने, उपलब्ध गराइएको रकमको सदुपयोग भए-नभएको अनुगमन गर्ने र छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको विवरण व्यवस्थित गर्ने जिम्मेवारी पनि समितिलाई दिइएको छ।

बाँकी पृष्ठ ३ ▸▸

सिरहामा विद्युत् प्राधिकरणको ट्रक र मोटरसाइकल ठोक्किँदा दुई युवकको मृत्यु



अपन दैनिक संवाददाता
सिरहा, कार्तिक १९ गते

सिरहाको सिरहा नगरपालिका-११ भलुवाहीमा नेपाल विद्युत् प्राधिकरणको ट्रक र मोटरसाइकल एकआपसमा ठोक्किँदा दुई युवकको मृत्यु भएको छ।

सिरहा-चोहर्वा सडकखण्डमा बिहीबार बिहान करिब १० बजे भएको दुर्घटनामा मोटरसाइकलमा सवार सिरहा नगरपालिका-२२ निवासी रामकुमार यादवका करिब २२ वर्षीय छोरा अमरेश कुमार यादव र गोलबजार नगरपालिका-१० निवासी बद्री यादवका करिब २० वर्षीय छोरा श्रीदेव यादवको मृत्यु भएको हो।

जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक (डीएसपी) रमेशबहादुर पालका अनुसार चोहर्वाबाट सिरहातर्फ आउँदै गरेको नेपाल विद्युत् प्राधिकरण मधेश प्रदेश प्रादेशिक कार्यालय जनकपुरको ना.१ घ ५५३ नम्बरको ट्रक र सिरहाबाट चोहर्वातर्फ जाँदै गरेको स.९ प ७३५० नम्बरको मोटरसाइकल भलुवाहीमा एकआपसमा ठोक्किएका थिए।

दुर्घटनामा मोटरसाइकलमा सवार दुवै जना गम्भीर घाइते भएका थिए। प्रहरी र स्थानीय बासिन्दाले उद्धार गरी

बाँकी पृष्ठ ४ ▸▸

रामायण सर्किटमा जोडिँदै जनकपुर-अयोध्या, रेल सेवाको परीक्षण सुरू



अपन दैनिक संवाददाता
जनकपुरधाम, कार्तिक १९ गते

लामो प्रतीक्षापछि जनकपुरधाम र भारतको अयोध्याबीच रेल सेवा सञ्चालन गर्ने तयारीले गति लिएको छ। रामायण सर्किटअन्तर्गत प्रस्तावित रेल सेवा सञ्चालनको पूर्वतयारी स्वरूप बिहीबार १७ बोगीसहितको भारतीय रेल जनकपुरधाम आइपुगेको छ।

भारतीय रेल-वेको डब्लूडीपी- ४ डी ४०३७० नम्बरको रेल अयोध्याबाट जनकपुरधामस्थित कुर्था रेल-वे स्टेसन ल्याइएको हो। रेल सेवा सञ्चालन गर्नुअघि प्राविधिक परीक्षण, सुरक्षा तथा संरचनागत अवस्थाको निरीक्षण गर्न भारतीय र नेपाली रेल-वे तथा सुरक्षा निकायका अधिकारीहरूले संयुक्त रूपमा परीक्षण गरेका हुन्।

परीक्षणका क्रममा भारतीय रेल-वे तथा सुरक्षा निकायका अधिकारी, नेपाल रेल-वे र नेपाली सुरक्षा निकायका प्रतिनिधि सहभागी थिए। पूर्वमध्य रेल हाजीपुर जोनका उपमहाप्रबन्धक अमरेन्द्र कुमार,

बाँकी पृष्ठ ४ ▸▸

यमपञ्चक सुरु हुँदै, मिथिलाञ्चलमा धनतेरस

धातुका भाँडाकुँडा र सुनचाँदीका गहना किन्ने परम्परा, बजारमा चहलपहल बढ्ने

अपन दैनिक संवाददाता
सिरहा। हिन्दू नेपालीहरूको महत्त्वपूर्ण पर्व तिहार अर्थात् यमपञ्चक आज शुक्रबारदेखि सुरु हुँदैछ। यमपञ्चकको पहिलो दिन मिथिलाञ्चल क्षेत्रमा धनतेरस पर्व मनाइँदैछ।

धनधान्यकी देवी लक्ष्मीलाई प्रसन्न पार्ने धार्मिक विश्वासका साथ मनाइने धनतेरसमा नयाँ धातुका भाँडाकुँडा, सुनचाँदीका गहना तथा अन्य सामग्री खरिद गर्ने परम्परा छ। विशेषगरी तामा, पित्तल र काँसका भाँडाकुँडासहित सुनचाँदीका गरगहना किन्ने चलन मिथिलाञ्चलमा पुस्तौँदेखि चल्दै आएको छ।

धनतेरसका दिन नयाँ सामग्री खरिद गर्दा घरमा सुख, समृद्धि र धनधान्य वृद्धि हुने तथा खरिद गरिएका सामान टिकाउ हुने जनविश्वास छ। यही विश्वासका कारण यस दिन बजारमा भाँडाकुँडा, सुनचाँदीका गहना र पूजासामग्री किन्नेहरूको चहलपहल बढ्ने अपेक्षा गरिएको छ।



मिथिला संस्कृतिअनुसार धनतेरसका दिन खरिद गरिएका नयाँ धातुका सामग्री साँझ लक्ष्मीपूजा गर्ने स्थानमा राखेर विधिपूर्वक पूजा गर्ने चलन छ। साँझ दीप प्रज्वलन गरी लक्ष्मीको पूजाआराधना गरिन्छ। यससँगै दीपावली अर्थात् तिहारको धार्मिक तथा सांस्कृतिक उल्लास सुरु हुने गर्छ।

नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिले सार्वजनिक गरेको पर्व तालिकाअनुसार कार्तिक २० गते शुक्रबार धनत्रयोदशी (धनतेरस), धनपूजा तथा यमदीपदान गरिनेछ। कार्तिक २१ गते शनिबार धन्वन्तरि जयन्ती तथा काग तिहार मनाइनेछ।

त्यसैगरी, कार्तिक २२ गते आइतबार नरक चतुर्दशी, कुकुर तिहार तथा लक्ष्मीपूजा, कार्तिक २३ गते सोमबार गाईपूजा र कार्तिक २४ गते मंगलबार गोवर्द्धन पूजा, गोरु पूजा, बलिपूजा, हलितिहार तथा म्हःपूजा मनाइनेछ। सोही दिन नेपाल संवत् ११४७ प्रारम्भ हुनेछ।

यस वर्ष तिथिको घटबढका कारण यमपञ्चकका पर्व छ दिनसम्म मनाइने भएको छ। कार्तिक २५ गते बुधबार यमद्वितीया अर्थात् भाइटीका परेको छ। नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिका अनुसार भाइटीकाको उत्तम साइत बिहान ११ बजेर ७ मिनेटमा रहेको छ।

समितिका अनुसार भाइटीकाका दिन दिदीबहिनीले दाजुभाइलाई टीका लगाइदिँदा पश्चिम मोहडा गरी बस्नु

बाँकी पृष्ठ २ ▸▸

रवि लामिछानेले नै सरकारको निर्णयबारे प्रश्न गरेपछि बालेनले दिए जबाफ



अपन दैनिक संवाददाता
सिरहा, कार्तिक १९ गते

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले नै प्रहरी महानिरीक्षक (आईजीपी) हटाउने पार्टी नेतृत्वको सरकारको निर्णयबारे प्रश्न उठाएपछि प्रधानमन्त्री बालेन्द्र(बालेन) शाहले यसप्रति समेत लक्षित गर्दै जबाफ दिएका छन्।

सभापति लामिछानेले बिहीबार आईजीपी हटाउने निर्णयको सरकारले औचित्य पुष्टि गर्ला भन्दै प्रतिक्रिया दिएका थिए। रास्वपाका अन्य नेताले पनि उक्त निर्णयबारे पार्टीसँग सरकारले छलफल नगरेको भन्दै प्रश्न उठाएका थिए।

बाँकी पृष्ठ ३ ▸▸





प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।

सम्पादकीय...

जनकपुर बोल्ट्सको खेलमा सुधार ल्याउ


खेल जित र हारको प्रतिस्पर्धा मात्र होइन । यो समाजलाई जोड्ने, आपसी सद्भाव बढाउने र सामूहिक उत्साह अभिवृद्धि गर्ने सशक्त माध्यम पनि हो । खेल मैदानमा खेलाडीले प्रदर्शन गर्ने खेलले हजारौँ समर्थकको भावना, आशा र विश्वासलाई प्रतिनिधित्व गरिरहेको हुन्छ । त्यसैले खेलाडीको प्रदर्शनसँग समर्थकको खुसी र निराशा पनि जोडिएको हुन्छ । अहिले नेपालमा सञ्चालन भइरहेको नेपाल प्रिमियर लिग -एनपीएल) क्रिकेट प्रतियोगिताले पनि नेपाली क्रिकेटप्रेमीमा यस्तै उत्साह र उमङ्ग सिर्जना गरेको छ । एनपीएलको तेस्रो संस्करणमा आठ टोलीबीच प्रतिस्पर्धा भइरहँदा मधेश प्रदेशको प्रतिनिधित्व गर्ने जनकपुर बोल्ट्सप्रति समर्थकको चासो र आकर्षण विशेष देखिन्छ । त्रिवि क्रिकेट मैदानमा जनकपुर बोल्ट्सका समर्थकले देखाउने उत्साह, समर्थन र हुटिङले टोलीप्रतिको उनीहरूको आत्मीयता उजागर गरेको छ । पहिलो संस्करणको उपाधि जितेर इतिहास बनाएको जनकपुर बोल्ट्सप्रति यसपटक पनि समर्थकले ठूलो अपेक्षा राख्नु स्वाभाविक हो । समर्थकहरू आफ्नो टोलीले उत्कृष्ट प्रदर्शन गर्दै पुनः उपाधि जितोस् भन्ने चाहन्छ ।

प्रतियोगिताका पछिल्ला दुई खेलमा जनकपुर बोल्ट्सले कमजोर ब्याटिङका कारण खेल हारेको छ । विशेषगरी विश्वासिला ब्याट्सम्यानहरूले राम्रो प्रदर्शन गर्न नसक्दा टोलीको ब्याटिङ पक्ष कमजोर देखिएको छ । खेल जित्नका लागि बलिङ र फिल्डिङसँगै ब्याटिङ पनि उत्तिकै महत्वपूर्ण हुन्छ । कुनै एक पक्ष कमजोर हुँदा त्यसको असर समग्र टोलीको नतिजामा पर्न जान्छ । पछिल्ला खेलमा देखिएको ब्याटिङको कमजोरीले नै बोल्ट्सले प्लाइन्ट टेवलमा माथि आउन सकेको छैन् । लगातारको कमजोर प्रदर्शनले टोलीका समर्थकमा निराशा बढ्नु अस्वाभाविक होइन् । पहिलो संस्करणको विजेता भएकाले जनकपुर बोल्ट्सबाट समर्थकले स्वाभाविक रूपमा उच्च प्रदर्शनको अपेक्षा गरेका छन् । तर विगतको सफलतालेमात्र वर्तमानको सफलता सुनिश्चित गर्दैन् । मैदानमा प्रत्येक खेल नयाँ चुनौतीका रूपमा आउँछ र त्यसको सामना गर्न खेलाडीले आफ्नो क्षमता, अनुशासन, आत्मविश्वास र रणनीतिमा निरन्तर सुधार गर्नुपर्छ । अहिले जनकपुर बोल्ट्सका लागि सबैभन्दा ठूलो चुनौती शीर्ष चारभित्र स्थान सुरक्षित गर्दै प्रतियोगिताको अर्को चरणमा प्रवेश गर्नु हो । यसका लागि बाँकी खेलमा जित निकाल्नु मात्र पर्याप्त हुँदैन, खेलको हरेक पक्षमा सुधार आवश्यक छ । ब्याट्सम्यानहरूले जिम्मेवारीपूर्वक खेल्ने, अनावश्यक रूपमा विकेट गुमाउने प्रवृत्ति रोक्ने र दबाबको अवस्थामा संयमित भएर खेल्ने अभ्यास गर्नुपर्छ । प्रशिक्षक तथा व्यवस्थापन पक्षले पनि खेलाडीको कमजोरी पहिचान गरी आवश्यक रणनीति बनाउनुपर्छ । खेलाडी छनोट, ब्याटिङ क्रम र खेल योजनामा समेत समयानुकूल सुधार गर्न जरुरी छ ।

खेलाडीहरूले यो पनि बुझ्नुपर्छ कि उनीहरू एउटा क्लब वा टोलीका लागि मात्र खेलिरहेका छैनन् । उनीहरूको प्रदर्शनसँग हजारौँ समर्थकको भावना र आफ्नो क्षेत्रको प्रतिष्ठा पनि जोडिएको छ । समर्थकले जितमा खुसी मनाउँछन् भने हारमा दुःख पनि व्यक्त गर्छन् । तर उनीहरूको समर्थन जितमा मात्र सीमित हुँदैन् । कठिन परिस्थितिमा पनि टोलीलाई साथ दिने समर्थकको विश्वास नै खेलाडीका लागि सबैभन्दा ठूलो ऊर्जा हो । त्यसैले समर्थकको भावनालाई सम्मान गर्दै खेलाडीले आफ्नो जिम्मेवारी पूरा गर्नुपर्छ । यद्यपि क्रिकेटमा हार र जित स्वाभाविक प्रक्रिया हुन् । हरेक खेल जित्न सम्भव हुँदैन् । हारलाई निराशाको विषय मात्र बनाउनुको सट्टा कमजोरी सुधार्ने अवसरका रूपमा लिन सक्नुपर्छ । तर एउटै कमजोरी पटक-पटक दोहोरिनु भने चिन्ताको विषय हो । त्यसैले जनकपुर बोल्ट्सले पछिल्ला खेलको समीक्षा गरी कमजोरी सच्याउन विशेष ध्यान दिनुपर्छ । खेलाडीको व्यक्तिगत क्षमता र सामूहिक प्रदर्शनबीच उचित तालमेल मिलाउन सके टोलीले पुनः लय समात्न सक्छ । जनकपुर बोल्ट्सको सफलता खेलाडीको व्यक्तिगत उपलब्धि होइन, मधेश प्रदेशको गौरव र समर्थकको सामूहिक खुसीसँग जोडिएको विषय हो । त्यसैले बाँकी खेलमा समर्थकको विश्वासलाई निराशामा बदलिन नदिई थप उत्साह र आशा जगाउने गरी प्रदर्शन गर्नु टोलीको दायित्व हो । समर्थकले दिएको माया र साथको उचित सम्मान मैदानमा उत्कृष्ट खेल प्रदर्शन गरेर नै गर्न सकिन्छ । विगतको विजेता हुनुको गौरवलाई कायम राख्दै कमजोरी सुधारेर नयाँ सफलता हासिल गर्न जनकपुर बोल्ट्सका खेलाडी, प्रशिक्षक र व्यवस्थापन सबै गम्भीर बन्न आवश्यक छ । समर्थकको भरोसा जोगाउँदै विजयको लयमा फर्कनु नै अहिले जनकपुर बोल्ट्सको मुख्य आवश्यकता हो । यस यसमा बोल्ट्सका खेलाडी खरो उत्रिनु पर्छ ।

लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ ।

धन्वन्तरी जयन्ती : धनभन्दा ठूलो आरोग्यको शास्त्रीय महत्त्व



“ धन्वन्तरि जयन्तीको मूल उद्देश्य र बजारमा नयाँ सामग्री खरिद गर्ने प्रचलनलाई एउटै विषयका रुपमा बुझ्नु शास्त्रीय दृष्टिले उपयुक्त हुँदैन ।

✍ विष्णुप्रसाद पोखरेल

अथर्ववेदसँग सम्बद्ध उपवेदका रूपमा आयुर्वेदलाई उल्लेख गरिएको छ । आयुर्वेद मानव स्वास्थ्य, रोगको निदान, उपचार, औषधि विज्ञान तथा दीर्घजीवनसँग सम्बन्धित ज्ञानविज्ञानको समष्टिगत शास्त्र हो । यसको मूल उद्देश्य मानव जीवनलाई स्वस्थ, निरोगी र दीर्घजीवी बनाउनु हो । चिकित्सा क्षेत्र, विशेषतः शल्यचिकित्साको क्षेत्रमा भारतीय संस्कृतिका प्रारम्भिक तथा विशिष्ट अगुवामध्ये एक धन्वन्तरि हुन् ।

पौराणिक मान्यताअनुसार देवता र असुरबीच भएको समुद्रमन्थनका क्रममा कालकूट विष, विभिन्न रत्न, दिव्य औषधि तथा अमृत प्रकट भएका थिए । सोही समुद्रमन्थनबाट भगवान् विष्णुको अंशावतारका रूपमा भगवान् धन्वन्तरी अमृतकलश धारण गरी प्रकट भएको प्रसङ्ग पुराणहरूमा वर्णित छ ।

दूधको समुद्र (क्षीरसागर) बाट धन्वन्तरी प्रकट भएको कथा भागवत पुराण, महाभारतको आदिपर्व र वाल्मीकि रामायणमा उल्लेख गरिएको छ ।

हरिवंश पुराणमा क्षीरसागरबाट प्रकट भएपछि धन्वन्तरीलाई अब्ज उपाधि प्रदान गरिएको र उनी भास्कर अर्थात् सूर्यदेवका शिष्य बनेको वर्णन छ । पछि उनी काशीका राजाका रूपमा पुनर्जन्म लिएको पनि उल्लेख गरिएको छ । वायु पुराणमा पनि धन्वन्तरी क्षीरसागरबाट प्रकट भएको र पछि काशीका राजाका रूपमा पुनर्जन्म लिएको कथा दोहोऱ्याइएको छ । तथापि यस पुराणमा धन्वन्तरीलाई विष्णुको अवतार नभई विष्णुका पुत्रका रूपमा चित्रण गरिएको छ ।

ब्रह्मवैवर्त पुराणमा वासुकीकी बहिनी देवी मनसादेवी र धन्वन्तरीबीच भएको युद्धको कथा वर्णन गरिएको छ । यस पुराणमा भगवान् धन्वन्तरीलाई गरुड र भगवान् शिवका शिष्यका रूपमा प्रस्तुत गरिएको छ ।

स्कन्द, गरुड र मार्कण्डेय पुराणमा धन्वन्तरीसम्बन्धी अर्को भिन्न कथा प्रस्तुत गरिएको छ । यस कथाअनुसार वीरभद्रा नामकी एक युवतीले प्यासले व्याकुल तथा थकित ऋषि गालवलाई पानी खुवाएर उनको तिर्खा मेटाएकी थिइन् । त्यसबाट प्रसन्न भएका ऋषिले उनलाई सबै शास्त्रमा निपुण पुत्र प्राप्त हुने वरदान दिए । पछि ती युवतीले धन्वन्तरीलाई जन्म दिइन् । धन्वन्तरीले अश्विनीकुमारहरूबाट आयुर्वेदको ज्ञान प्राप्त गरे र उनीहरूकै छोरीहरूसँग विवाह गरे ।

विष्णु पुराणमा वर्णित समुद्रमन्थनको कथाअनुसार धन्वन्तरी प्रकट भएको केही समयपछि लक्ष्मी प्रकट भएकी थिइन् । यही आधारमा लक्ष्मीपूजाको अघिल्लो दिन अर्थात् कार्तिक कृष्ण त्रयोदशीमा धन्वन्तरी जयन्ती मनाइने गरिन्छ । अन्य ग्रन्थहरूमा भने समुद्रमन्थनको अन्त्यतिर, तुलसी प्रकट भएपछि धन्वन्तरी प्रकट भएको वर्णन पाइन्छ । ती ग्रन्थहरूमा पनि धन्वन्तरि जयन्ती कार्तिक कृष्ण त्रयोदशीकै दिन मनाउने परम्परा रहेको उल्लेख छ ।

धन्वन्तरीलाई आयुर्वेदका अधिष्ठाता देवताका रूपमा सम्मान गरिन्छ । उहाँको हातमा रहेको अमृतकलशले जीवनरक्षा, आरोग्य र अमरत्वको प्रतीकात्मक सन्देश बोकेको छ । सोमलता, मृतसञ्जीवनीलगायतका दिव्य औषधिहरूको पौराणिक महत्त्व पनि जीवनरक्षासँग जोडिएको छ ।

आयुर्वेदको विकास र प्रवर्द्धनमा अश्विनीकुमार, देवदत्त, सुश्रुत लगायतका आचार्य तथा चिकित्सकहरूको महत्त्वपूर्ण योगदान रहेको छ । वैदिक परम्परामा औषधि र आरोग्यलाई विशेष महत्त्व दिइएको छ । ‘भेषजमसि’ अर्थात् ‘तिमी औषधिरूप हौ’ भन्ने वैदिक भावले औषधिको जीवनरक्षक महत्त्वलाई उजागर गर्दछ । रुद्रलाई रोगनिवारक तथा मृत्युञ्जयका रूपमा स्तुति गरिनु पनि आरोग्यसम्बन्धी यही आध्यात्मिक चिन्तनको एउटा पक्ष हो ।

कलशपूजाको प्रसङ्गमा गङ्गाजल, सर्वौषधि, पञ्चपल्लव, सप्तमृत्तिका र पञ्चरत्न आदिले युक्त जलद्वारा अभिषेक गर्ने धार्मिक परम्परा पाइन्छ । यस्तो कलशलाई पवित्रता, आरोग्य र कल्याणको प्रतीक मानिन्छ । विशेषतः ईशान कलशको स्थापना तथा अभिमन्त्रण गरी त्यसको जलद्वारा अभिषेक वा स्नान गराउने विधिले समुद्रमन्थनबाट प्रकट भएको अमृतकलशको पौराणिक स्मृतिलाई समेत जीवन्त बनाउँछ । यसरी धन्वन्तरी उपासनाको मूल मर्म स्वास्थ्य, औषधि, आरोग्य र जीवनरक्षासँग सम्बन्धित रहेको स्पष्ट हुन्छ ।

धन्वन्तरी जयन्ती र धन्तरेसको प्रचलन

कार्तिक कृष्ण त्रयोदशीलाई धन्वन्तरी जयन्तीका रूपमा मनाउने परम्परा छ । यही तिथिलाई कतिपय समुदायमा धन्तेरस वा धनतेरस भन्ने गरिन्छ । यस दिन भगवान् धन्वन्तरीको पूजा गरी आरोग्य, निरोगिता र दीर्घजीवनको कामना गर्नु पर्वको मूल आध्यात्मिक तथा आयुर्वेदिक पक्ष हो । धनतेरस शब्दलाई दुई भागमा बुझ्न सकिन्छ- धन : सम्पत्ति, समृद्धि, ऐश्वर्य तथा सम्पन्नता । तेरस : त्रयोदशी अर्थात् चान्द्रमासको तेह्रौँ तिथि । यसरी धनत्रयोदशी अर्थात् धनतेरस नामले नै धन र समृद्धिसँग सम्बन्धित त्रयोदशी तिथिलाई जनाउँछ ।

धनतेरसका दिन नयाँ भाँडाकुँडा, सुनचाँदी तथा अन्य धातुजन्य सामग्री खरिद गर्ने प्रचलन विशेषतः केही क्षेत्रीय तथा सामुदायिक परम्परामा विकसित भएको पाइन्छ । कतिपय स्थानमा यसै दिन लक्ष्मी र कुबेरको पूजासमेत गरिन्छ । तर यस्ता प्रचलनलाई सबैका लागि अनिवार्य शास्त्रीय विधि वा वैदिक विधानका रूपमा व्याख्या गर्नु उचित हुँदैन । धन्वन्तरी जयन्तीको मूल उद्देश्य र बजारमा नयाँ सामग्री खरिद गर्ने प्रचलनलाई एउटै विषयका रूपमा बुझ्नु शास्त्रीय दृष्टिले उपयुक्त हुँदैन ।

लक्ष्मी, कुबेर र धन्वन्तरीसम्बन्धी उपासनाका आफ्नै धार्मिक तथा पौराणिक आधार छन् । विभिन्न समुदायमा विकसित भएका परम्परालाई सम्मान गर्दै तिनको वास्तविक शास्त्रीय आधार पहिचान गर्नु आवश्यक छ । नयाँ सामग्री खरिद नगरे पर्व अधुरो हुन्छ वा धनसम्पत्ति प्राप्त हुँदैन भन्ने मानसिकता सिर्जना हुनु उचित होइन ।

आफ्नो संस्कृति र परम्पराको संरक्षण गरौँ

धन्वन्तरी जयन्तीलाई बजारमा नयाँ सामग्री खरिद गर्ने अवसरका रूपमा सीमित नगरी आयुर्वेद, औषधोपचार, स्वास्थ्य चेतना र ऋषिमुनिहरूको चिकित्सा परम्पराको स्मरण गर्ने पवित्र दिनका रूपमा स्थापित गरौँ । आफ्नै घरमा रहेका चरेस, काँस, तामा, पित्तलगायतका धातुजन्य भाँडावर्तनको सदुपयोग गरौँ । अनावश्यक प्रतिस्पर्धा, देखासिकी र बजारको आकर्षणमा परी आर्थिक भार थप्नुभन्दा उपलब्ध साधनको संरक्षण र सदुपयोग गर्नु नै बुद्धिमानी हो ।

सुनको बजार मूल्य तोलाको पौने तीन लाख रुपैयाँ छ भने सुनौलो लेप लगाइएको चार हजार रुपैयाँ पर्ने धातुको सामान किन जोर्ने ! चाँदीको बजार मूल्य तोलाको झन्डै चार हजार रुपैयाँ रहेको अवस्थामा एक हजार मूल्यको नक्कली वा कमसल भाँडाको आकर्षणमा पर्नुभन्दा आफ्नो सामर्थ्यअनुसारको व्यवहार गरौँ । धनसम्पत्तिको वास्तविक सार खरिद गरिएका वस्तुमा होइन, सद्बुद्धि, सन्तोष, परिश्रम, संस्कार र लक्ष्मीको सदुपयोगमा निहित हुन्छ ।

चञ्चला लक्ष्मीलाई स्थिर राख्ने उपाय अनावश्यक खरिद र प्रदर्शन होइन, धर्मसम्मत आर्जन, विवेकपूर्ण खर्च, दान, सेवा र सदाचार हो । त्यसैले धन्वन्तरी जयन्तीको अवसरमा भगवान् धन्वन्तरीको आराधना गर्दै आरोग्य, आयुर्वेद र सनातन संस्कृतिको महत्त्वलाई आत्मसात् गरौँ ।

पर्वको नाममा बजारको प्रभाव र देखासिकीलाई प्रश्रय दिनुभन्दा पर्वको वास्तविक मर्म, शास्त्रीय आधार र सांस्कृतिक पहिचानलाई जीवन्त राख्नु हाम्रो दायित्व हो । विकृतिमा होइन, संस्कृतिमा रमाऔँ । बजारको आकर्षणमा होइन, शास्त्रीय ज्ञान र परम्पराको मर्ममा रमाऔँ ।

यमपञ्चक सुरु हुँदै, मिथिलाञ्चलमा .....

उपयुक्त हुनेछ ।

धनतेरससँगै सुरु हुने तिहारले धार्मिक आस्था, पारिवारिक आत्मीयता र सांस्कृतिक परम्परालाई जोड्ने विश्वास गरिन्छ । दीपावलीको रौनकसँगै मिथिलाञ्चलका बजारमा पनि पर्वको तयारी र किनमेलले चहलपहल बढाउने अपेक्षा गरिएको छ ।


माँ भगवत्ति बेकरी एण्ड स्वीट्स
सिरहा नगरपालिका वडा नं. १ (अस्पताल अगाडि), मधेश प्रदेश, नेपाल
फोन नं. ०३३-५२०७१४
यहाँ शुद्धघीको लड्डु, बर्फी, पेडा, कलाकन्द, मिल्ककेक, काजुकट्टी, राजभोग, चमचम, बत्सौहि, केक, कुकिज, ब्रेड तथा सबै प्रकारका मिठाईहरु सुपथ मूल्यमा पाईन्छ ।

आजको राशिफल

मेष : राम्रो दिन छ । सानातिना कुराले मनमा खुसी मिल्ने छ । बोलीको प्रभावले काम बन्नेछ ।

बृष : दिन राम्रो छ । धर्मकर्ममा मन जानेछ । शिक्षा र स्वास्थ्यमा गरेको लगानीबाट फाइदा मिल्ने छ । नयाँ अवसर हात लाग्ने छ ।

मिथुन : आफैंले बोलेको कुराले पछुतो लाग्ने छ । बोल्दा ध्यान दिनुपर्नेछ । बन्धुसँग गरेको सहकार्यले तपाईंलाई फाइदा हुनेछ ।

कर्कट : दिन राम्रो छ । बोलीको प्रभावले काम बन्नेछन् । आज डुब्न लागेको लगानी उठ्ने छ ।

सिंह : दिन सामान्य छ । धर्मकर्ममा मन जानेछ । आज दान दक्षिणा गर्नु उचित हुनेछ ।

कन्या : आज जोगिएर काम गर्नुपर्ने दिन छ । श्रम शोषण गर्ने सक्रिय छन् । शिक्षामा भने नाम, दाम कमाउने दिन छ ।

तुला : दिन राम्रो छ । स्वास्थ्य र शिक्षामा गरेको मिहिनेतको फल मिल्ने छ । परिवारसँगको सम्बन्ध सुमधुर बन्नेछ ।

वृश्चिक : शिक्षामा गरेको लगानीमा आंशिक लाभ हुनेछ । स्वास्थ्यमा समस्या आउन सक्छ ।

धनु : प्रेम सम्बन्ध सुमधुर बन्ने योग छ । संकटमा साथीको साथ मिल्ने छ । शिक्षामा थप मिहिनेत गर्नुपर्ने समय छ ।

मकर : दिन राम्रो छ । धनलक्ष्मी योग परेको छ । समयको सदुपयोग गर्नुहोला । शिक्षामा गरेको लगानीबाट फाइदा हुनेछ ।

कुम्भ : स्वास्थ्य लाभ हुनेछ । आज थोरै बोलेर अघि बढ्नु उपयुक्त हुनेछ । टाढाको यात्रा नगर्नु उचित हुन्छ ।

मीन : शिक्षा र स्वास्थ्यमा सुधारका संकेत भेटिने छन् । पारिवारिक सुत्रको सल्लाह लिएर अघि बढ्नु होला ।

राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस् ।



ज्योतिष डा. बिबेक पाण्डेय
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

'स्थानीय र प्रदेश निर्वाचनका उम्मेदवारलाई टिकट हामी नै बाँड्छौं'

अपन दैनिक संवाददाता
नेपालगन्ज, कार्तिक १९ गते

नेपाली कांग्रेसका पूर्वउपसभापति विमलेन्द्र निधिले आगामी स्थानीय तह र प्रदेश सभा निर्वाचनका उम्मेदवारलाई आफूहरूले नै टिकट वितरण गर्ने दाबी गरेका छन्। उनले निर्वाचनको तयारीमा अहिलेदेखि नै जुट्न नेता तथा कार्यकर्तालाई निर्देशनसमेत दिएका छन्।

नेपाली कांग्रेसको संस्थापन पक्ष (देउवा पक्ष) ले विहीबार नेपालगन्जमा आयोजना गरेको १५औं नियमित महाधिवेशनअन्तर्गतको जिल्ला अधिवेशन उद्घाटन समारोहलाई सम्बोधन गर्दै निधिले आसन्न निर्वाचनका लागि सम्भावित उम्मेदवारको पहिचान र छनोटको प्रक्रिया अहिलेदेखि नै अघि बढाउन आग्रह गरे।

आगामी मङ्सिरमा हुने पार्टीको १५औं नियमित महाधिवेशनको तयारीसँगै स्थानीय तह र प्रदेश सभा निर्वाचनको तयारीमा पनि जुट्नुपर्ने उनको भनाइ थियो। शेरबहादुर देउवा नेतृत्वको नेपाली कांग्रेसले नै आगामी स्थानीय तह निर्वाचनमा देशभरका ७५३ वटै पालिकामा उम्मेदवारलाई टिकट वितरण गर्ने उनले स्पष्ट पारे।

'त्यो निर्वाचनमा हामीले सफलता प्राप्त गर्न के-के गर्न सकिन्छ, त्यसमा तपाईंहरू अहिलेदेखि नै लाग्नुस्। तपाईंहरूले नै उम्मेदवार सिफारिस गरेर पठाउनुहुन्छ,' उनले भने, 'तथाकथित सानेपा कांग्रेससँग हाम्रो कुनै साइनो छैन। कसलाई उम्मेदवार बनाउने र कसरी जिताउने भन्ने विषयमा क्षमतावान् र नेतृत्व दिन सक्ने साथीलाई उम्मेदवार बनाउन अहिलेदेखि नै सोच्नुस्। तपाईंहरूको सिफारिस जसको आउँछ, उसैले टिकट पाउँछ।'

स्थानीय तह निर्वाचनलगत्तै हुने प्रदेश सभा निर्वाचनका उम्मेदवार पनि स्थानीय स्तरबाट प्राप्त सिफारिसका आधारमा तय गरिने निधिले बताए। २०८२ फागुन २१ मा निर्वाचित प्रतिनिधिसभा सदस्यको पदावधि सकिएपछि २०८७ मा हुने संसदीय निर्वाचनको तयारीमा समेत अहिलेदेखि नै लाग्नुपर्ने उनको भनाइ थियो।

नेता निधिले नेपाली जनताले आफैं निर्माण गरेको संविधान अहिले अत्यन्त कठिन अवस्थामा रहेको बताउँदै यसको रक्षाका लागि पनि नेता तथा कार्यकर्तालाई सक्रिय हुन आग्रह गरे। कांग्रेसका पूर्वसभापति स्वर्गीय सुशील कोइराला प्रधानमन्त्री रहेका बेला जारी भएको संविधानको संरक्षण गर्नु प्रत्येक नेता तथा कार्यकर्ताको दायित्व भएको उनले बताए।

'नेपाली जनताले आफ्नो संविधान आफैं बनाएको पहिलो पटक हो। नेपालका मालिक भनेका नेपाली नागरिक नै हुन्। संविधान बचाउने काम पनि गर्नुस्,' निधिले भने।

कार्यक्रमका विशिष्ट अतिथि कांग्रेस नेता एनपी साउदले विशेष महाधिवेशनपछि नेपाली कांग्रेस क्षतविक्षत अवस्थामा पुगेको टिप्पणी गरे।

'आज हामीलाई क्षतविक्षत बनाइएको छ। केही साथीहरूले विशेष महाधिवेशन गर्नुभयो। कांग्रेस बदल्छौं भनेर लाग्नुभयो। "अबकी बार गगन सरकार" भन्दै चुनावमा जानुभयो, तर परिणामले गगन थापाको नेतृत्व क्षमतालाई फेल गरायो,' पूर्वमन्त्री साउदले भने।

विशेष महाधिवेशनअघि जस्तोसुकै



परिस्थिति आए पनि कांग्रेसले यस्तो अवस्था भोग्नुनपरेको उनको भनाइ थियो। दुईवटा महाधिवेशन नगर्न आफूहरूले सुझाव दिएको स्मरण गर्दै उनले अदालतको निर्णय पर्खन र अधिवेशनमा हतार नगर्न आग्रह गर्दा पनि त्यसलाई बेवास्ता गरिएको बताए।

'हामीले त्यो बेला दुईवटा महाधिवेशन नगरौं भनेका थियौं। अदालतको निर्णय पर्खौं भन्दा पनि उहाँहरूले मान्नुभएन। अधिवेशन गर्न हतार नगर्नुस् भन्दा पनि मान्नुभएन। किन हतार गरेका रहेछन् भन्ने कुराको रहस्य विस्तारै बाहिर आइरहेको छ। योभन्दा धेरै नबोलौं,' उनले भने।

नेपाली कांग्रेस संस्थापन पक्षको जिल्ला अधिवेशन तयारी समितिका संयोजक कृष्णबहादुर कार्कीको सभापतित्वमा सम्पन्न उद्घाटन समारोहमा पार्टीका निवर्तमान केन्द्रीय सदस्यद्वय गेहेन्द्र गिरी र गुरु बराल, कांग्रेस बाँकेका पूर्वसभापति एवं पूर्वमन्त्री गजेन्द्रबहादुर हमाल, नेता हुर्मत न्यौपाने, निरञ्जनसिंह सिजापति, लुम्बिनी प्रदेशसभा सदस्य माया पुनमगर, माधवराम खत्री, निरज चलाउने, कृष्ण विके रसाइली र रामबहादुर मल्ललगायतले सम्बोधन गरेका थिए।

दुई लाख विद्यार्थीको विवरण फर्जी देखियो, भ्रष्टाचारको आशंकामा अध्ययन समिति गठन

अपन दैनिक संवाददाता
सिरहा, कार्तिक १९ गते

विद्यालय शिक्षाको एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा धेरै विद्यार्थीको विवरण दोहोरिएको देखिएपछि शिक्षा तथा खेलकुद मन्त्रालयले छानबिन अघि बढाएको छ।

प्रणालीमा व्यापक मात्रामा विवरण दोहोरिएको देखिएपछि मन्त्रालयले यसलाई गम्भीरताका साथ लिँदै छानबिनका लागि मन्त्रीस्तरीय निर्णयमार्फत समिति गठन गरेको हो।

सत्यतथ्य अध्ययन गरी दोषीमाथि आवश्यक कारवाहीको सिफारिस गर्न बिहीबार मन्त्रीस्तरीय निर्णयबाट ५ सदस्यीय अध्ययन तथा अनुगमन समिति गठन गरिएको छ।

मन्त्रालयका खेलकुद तथा विद्यालय शिक्षा महाशाखाका सहसचिव शिवकुमार सापकोटाको संयोजकत्वमा गठित समितिमा शिक्षा विभागका निर्देशक भक्तबहादुर गोदार, मन्त्रालयका कम्प्युटर इन्जिनियर विनोद न्यौपाने र कानुन अधिकृत निकिता दाहाल सदस्य रहेका छन्।

यस्तै, विद्यालय शिक्षा शाखाका उपसचिव शिवप्रसाद रेग्मीलाई सदस्य-सचिवको जिम्मेवारी दिइएको छ।

अनौपचारिक अध्ययनअनुसार ई-एमआईएस प्रणालीमा २ लाखभन्दा बढी विद्यार्थीका विवरणहरू दोहोरिएका छन्।

यसरी प्रणालीमा देखिएको दोहोरो प्रविष्टिका आधारमा राज्य कोषबाट निकासा हुने अनुदान, छात्रवृत्ति, दिवा खाजा, पोसाक, पाठ्यपुस्तक तथा अन्य सेवा-सुविधाको दुरुपयोग भएको हुन सक्ने भन्दै मन्त्रालयले छानबिन अघि बढाएको जनाएको छ।

'हामीले यस विषयलाई गम्भीरताका साथ हेरेका छौं। यसरी दोहोरो विवरण भरेर रकम दुरुपयोग भइरहेको देखिन्छ,' शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले भने, 'अब यसबारे थप छानबिन गरेर दोषीलाई कारबाही हुन्छ।'

गठित समितिले ई-एमआईएस प्रणालीमा यति ठूलो संख्यामा विवरण दोहोरिनुको प्राविधिक कमजोरी वा नियतवश गरिएको बदमासीबारे विस्तृत अध्ययन गर्नेछ।



गलत तथ्याङ्क पेश गरेर राज्य कोषको दुरुपयोग गर्ने विद्यालय, व्यवस्थापक वा जिम्मेवार व्यक्तिलाई हदैसम्मको कारबाहीका लागि मन्त्रालय समक्ष सिफारिस गर्ने स्पष्ट कार्यादेश समितिलाई दिइएको छ।

प्रणालीमा रहेका दोहोरो र फर्जी विवरणहरू हटाएर ई-एमआईएसलाई पूर्ण रूपमा पारदर्शी, सुरक्षित र वास्तविक तथ्याङ्कमा आधारित बनाउन मन्त्रालयले यो कदम चालेको बताएको छ।

रवि लामिछानेले नै सरकारको निर्णयबारे प्रश्न .....

त्यसपछि प्रधानमन्त्री शाहले सामाजिक सञ्जाल फेसबुकमार्फत जवाफसहित टिप्पणी गरेका हुन्। उनले सरकारको निर्णयबारे प्रश्न उठाइएपनि आफू नेतृत्वको सरकार देश जोगाउनतर्फ लागेकाले पार्टीले पनि आस गरेको आशयसहितको टिप्पणी गरेका हुन्।

तर रास्वपाबाहेकका दलमा भने कार्यकर्ता लड्ने र नेता हाँसेर बस्ने परिपाटी रहेको प्रधानमन्त्रीको टिप्पणी छ।

उनले लेखेका छन्,'तपाईंहरूको कार्यकर्ता लड्छन्, नेता हाँसेर बस्छन्, हाम्रो नेता लड्छन्, मानवताले आस गर्छन् ! फरक यति हो ! देश जोगाउने र पार्टी जोगाउनेमा फरक हुन्छ !'

जेहेन्दार र विपन्न विद्यार्थीलाई छात्रवृत्ति दिने .....

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम नगरपालिकाले कार्यविधि स्वीकृत गरी लागू गरेको जनाएको छ। नयाँ व्यवस्थाले आर्थिक अभावका कारण उच्च तथा प्राविधिक शिक्षा हासिल गर्न कठिनाइ भोगिरहेका विद्यार्थीलाई राहत पुग्ने अपेक्षा गरिएको छ।





स्वदेशी वस्तुको प्रयोग गरौं ।

सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोगसम्बन्धी निर्देशिका, २०८१ मा-

- सार्वजनिक निकायले कुनै बस्तु वा सेवा खरिद गर्दा स्वदेशी बस्तु तथा सेवा खरिद गर्नुपर्ने।
- त्यस्तो बस्तु वा सेवा उत्पादन गर्ने उत्पादकले थोक तथा बिक्री मुल्य प्रकाशन गर्नुपर्ने।
- सार्वजनिक निकायमा कार्यरत कर्मचारी तथा पदाधिकारीले उपलब्ध भए सम्म स्वदेशी उद्योगबाट निर्मित पोसाक प्रयोग गर्नुपर्ने।
- सार्वजनिक निकायबाट आयोजना हुने कार्यक्रम, गोष्ठी र सेमिनारमा स्वदेशी वस्तुको प्रयोग गर्ने, व्यवस्था छ।

स्वदेशी वस्तुको प्रयोगबाट स्वदेशी उद्योगको संरक्षण हुन्छ
उक्त व्यवस्थाको पालना गरौं र गराऔं !

सिरहा नगरपालिका
८ नं. वडा कार्यालय, महिसोथा
मधेश प्रदेश, सिरहा (नेपाल)

मधेशमा गुणस्तरहीन खाद्यवस्तु उत्पादन तथा बिक्री गर्ने १४ व्यवसायीविरुद्ध मुद्दा

अपन दैनिक संवाददाता
सिरहा, कार्तिक १९ गते



मधेश प्रदेशमा गुणस्तरहीन खाद्यवस्तु उत्पादन तथा बिक्री गर्ने १४ उद्योगी व्यवसायीविरुद्ध मुद्दा दायर गरिएको छ।

चालु आर्थिक वर्ष २०८३/८४ को पहिलो तीन महिनामा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयले गरेको अनुगमन तथा खाद्यवस्तुको नमुना परीक्षणबाट कैफियत देखिएपछि उनीहरूविरुद्ध सम्बन्धित जिल्ला अदालत तथा जिल्ला प्रशासन कार्यालयमा मुद्दा दायर गरिएको हो।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय जनकपुरधामका प्रमुख विमलकुमार दाहालका अनुसार मुद्दा दायर गरिएकामध्ये बारा र पर्साका आठ, सप्तरी र सिरहाका तीन, महोत्तरीका दुई तथा धनुषाका एक व्यवसायी छन्। उनीहरूविरुद्ध खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ अन्तर्गत कारबाही अघि बढाइएको उनले जानकारी दिए।

खाद्य स्वच्छता कायम नगर्ने, खाद्यवस्तुमा मिसावट गर्ने, स्वास्थ्यमा प्रतिकूल असर पार्ने वस्तु उत्पादन तथा बिक्री गर्ने र म्याद गुज्रिएका सामग्री बिक्री गर्ने व्यवसायीविरुद्ध मुद्दा दायर गरिएको प्रमुख दाहालले बताए।

उनका अनुसार सो अवधिमा मधेश प्रदेशका विभिन्न जिल्लाबाट खाद्य तथा दाना पदार्थ ऐन तथा नियमअनुसार १६४ नमुना सङ्कलन गरिएकामा पाँच वटाको परीक्षण प्रतिवेदन प्रतिकूल देखिएको थियो। ती नमुनाका आधारमा खाद्य स्वच्छता तथा गुणस्तर ऐनअन्तर्गत कारबाही अघि बढाइएको हो।

यसैगरी, खाद्य स्वच्छता कायम गराउने उद्देश्यले प्रदेशका विभिन्न जिल्लामा ६३२ खाद्य व्यवसायमा संयुक्त अनुगमन गरिएको थियो। अनुगमनका क्रममा ५६ खाद्य उद्योगमा कैफियत भेटिएपछि उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम १८ लाख २६ हजार जरिवाना गरिएको कार्यालयले जनाएको छ।

सो अवधिमा २०५ खाद्य तथा दाना उद्योग, १९५ होटल, रेस्टुरेन्ट तथा क्यान्टिनमा अनुगमन गरिएको र उपभोक्ताबाट प्राप्त २७ उजुरी सम्बोधन गरिएको प्रमुख दाहालले बताए। उनका अनुसार तीन महिनाको अवधिमा २६ उद्योगलाई नयाँ अनुज्ञापत्र जारी, ६८ उद्योगको अनुज्ञापत्र नवीकरण र ८४ नयाँ उद्योग स्थापनाका लागि सिफारिस गरिएको छ।

नमुना परीक्षण, अनुज्ञापत्र जारी तथा नवीकरण र उद्योग स्थापनाका लागि सिफारिसलगायतका कामबाट १६ लाख २४ हजार १० राजस्व सङ्कलन भएको कार्यालयले जनाएको छ। अनुगमन तथा निरीक्षणका क्रममा म्याद गुज्रिएका, लेबल विवरण नभएका, सडेगलेका तथा उपभोगका लागि अयोग्य खाद्यवस्तु जफत गरी सरोकारवालाको रोहबरमा नष्ट गरिएको कार्यालयले जनाएको छ।

मिश्रीको भ्रमणपछि संयुक्त वक्तव्य: द्विपक्षीय सहकार्यलाई मजबुत पार्ने प्रतिबद्धता

अपन दैनिक संवाददाता
काठमाडौं, कार्तिक १९ गते



भारतीय विदेश सचिव विक्रम मिश्रीले नेपालको दुईदिने औपचारिक भ्रमणका क्रममा प्रधानमन्त्री बालेन्द्र शाहसहित विभिन्न मन्त्रीहरूसँग भेटवार्ता गरेका छन्।

त्यसक्रममा दुवै देशले समग्र द्विपक्षीय साझेदारीलाई थप उचाइमा पुऱ्याउने प्रतिबद्धता दोहोऱ्याएका छन्।

भ्रमणपछि जारी संयुक्त वक्तव्यमा नेपाल-भारत द्विपक्षीय सम्बन्ध तथा आपसी सहकार्यका विषयमा छलफल भएको उल्लेख छ।

नेपालका परराष्ट्र सचिव अमृतबहादुर राईको मैत्रीपूर्ण निमन्त्रणामा नेपाल आएका भारतीय विदेश सचिव मिश्रीले प्रधानमन्त्री शाहसँग विहीबार शिष्टाचार भेट गरेका थिए।

भेटका क्रममा उनले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीका तर्फबाट शुभकामना व्यक्त गरेका थिए। साथै, नेपाल-भारतबीच विभिन्न क्षेत्रमा भइरहेको सहकार्य र हालसम्मको प्रगतिबारे जानकारी गराउँदै नेपाली प्रधानमन्त्रीको आसन्न भारत भ्रमणका क्रममा अघि बढाउन सकिने पहल तथा सम्भावित उपलब्धिबारे छलफल गरेको संयुक्त वक्तव्यमा छ।

भ्रमणका क्रममा मिश्रीले अर्थमन्त्री स्वर्णिम वाग्ले, परराष्ट्रमन्त्री शिशिर खनाल, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री विराजभक्त श्रेष्ठ र भौतिक पूर्वाधार विकासमन्त्री सुनील लम्सालसँग पनि छुट्टाछुट्टै भेटवार्ता गरेका थिए।

यसैगरी, नेपालका परराष्ट्र सचिव राई र भारतीय विदेश सचिव मिश्रीबीच प्रतिनिधिमण्डलस्तरीय वार्ता भएको थियो।

वार्तामा द्विपक्षीय सहकार्यका विभिन्न क्षेत्रको समीक्षा गर्दै नेपाल र भारतबीचको पारस्परिक लाभदायी साझेदारीलाई थप सुदृढ बनाउने उपायबारे छलफल भएको संयुक्त प्रेस विज्ञप्तिमा उल्लेख छ।

मिश्रीले नेपाल-भारत संसदीय मैत्री समूहका सदस्य तथा प्रतिनिधिसभाको अन्तर्राष्ट्रिय सम्बन्ध र पर्यटन समितिका सदस्यसहितका सांसदहरूसँग पनि अन्तर्क्रिया गरेका थिए।

भेटवार्ताका क्रममा नेपाली नेतृत्वले रसुवा-भोटेकोशी क्षेत्रमा आएको बाढीपछि भारतले तत्काल उपलब्ध गराएको मानवीय तथा प्राविधिक सहयोगप्रति आभार व्यक्त गरेको विज्ञप्तिमा जनाइएको छ।

दुवै पक्षले पछिल्लो समय द्विपक्षीय सहकार्यका परम्परागत क्षेत्रहरूमा बढ्दै गएको संलग्नताप्रति सन्तुष्टि व्यक्त गरेका छन्।

व्यापार तथा वाणिज्य, विकास साझेदारी, जलविद्युत, भौतिक सम्पर्क सञ्जाल, सीमा व्यवस्थापन, ऊर्जा र जनस्तरको सम्बन्धलाई थप विस्तार गर्ने विषयमा जोड दिइएको उल्लेख छ।

त्यस्तै, स्टार्टअप, डिजिटल कनेक्टिभिटी, एआई र खेलकुदजस्ता नयाँ क्षेत्रमा समेत सहकार्यका सम्भावनाबारे छलफल भएको छ।

रामायण सर्किटमा जोडिँदै जनकपुर-अयोध्या, रेल सेवाको .....

मण्डल रेल प्रबन्धक ज्योति प्रकाश मिश्र, रेल-वे सुरक्षा बल हाजीपुरका प्रधान मुख्य सुरक्षा आयुक्त अमरेश कुमार, एसएसबीका कमान्डेन्ट सञ्जीवकुमार सिंह, जयनगरस्थित एसएसबीको ४७औँ बटालियनका डेपुटी कमान्डेन्ट हरिनारायण जाट, नेपाल रेल-वेका महाप्रबन्धक परिवेश पराजुली, धनुषाका प्रहरी उपरीक्षक रूपेश खड्कालगायत अधिकारी सहभागी थिए।

परीक्षणका क्रममा जयनगरबाट प्रस्थान गरेको टोलीले नेपालतर्फको वैदेही रेल-वे स्टेसनमा समेत पुगेर आकस्मिक निरीक्षण गरेको थियो। रेलमार्गको अवस्था, सुरक्षा प्रबन्ध तथा स्टेसनहरूको पूर्वाधारबारे अधिकारीहरूले स्थलगत जानकारी लिएका थिए।

नेपाल रेल-वेका महाप्रबन्धक परिवेश पराजुलीका अनुसार जनकपुरधाम र अयोध्याबीच रेल सेवा सञ्चालन गर्ने योजनाअनुसार पहिलो चरणमा १७ बोगीसहितको रेल ल्याएर प्रारम्भिक परीक्षण गरिएको हो। तर, सेवा सञ्चालनको मिति र व्यवस्थापनका विषयमा नेपाल तथा भारतबीच औपचारिक सम्झौता हुन बाँकी रहेको उनले बताए।

उनका अनुसार प्रारम्भिक छलफलमा सातामा एक दिन जनकपुरधामबाट अयोध्यासम्म रेल सञ्चालन गर्ने र अर्को दिन फर्काउने योजना छ। सेवा सञ्चालनसम्बन्धी सम्झौता भएपछि नेपालका प्रधानमन्त्री बालेन्द्र शाह 'बालेन' र भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले संयुक्त रूपमा उद्घाटन गर्ने विषयमा समेत छलफल भइरहेको छ। यद्यपि, यसबारे दुवै देशबीच औपचारिक बैठक र निर्णय हुन बाँकी छ।

प्रस्तावित रेल सेवाअन्तर्गत नेपालतर्फ जनकपुरधाम र जयनगरमा स्टेसन रहने प्रारम्भिक योजना छ। भारततर्फका स्टेसन तथा रेलको रुट भने अझै टुङ्गो लाग्न सकेको छैन। सेवा सञ्चालनका लागि जनकपुरधाम रेल-वे स्टेसनको प्लेटफर्म स्तरोन्नतिको कामसमेत भइरहेको छ। सीमासुरक्षा, यात्रु व्यवस्थापन, प्राविधिक पक्ष र अन्य पूर्वाधारबारे पनि दुई देशबीच सहमति जुटाउनुपर्नेछ।

अन्तर्राष्ट्रिय रेल सेवाअघि जनकपुर रेल–वेको अवस्था सुधार्न माग

अयोध्या-जनकपुर रेल सेवा सञ्चालनको तयारी भइरहेको बेला जनकपुरधामस्थित नेपाल रेल-वेको वर्तमान अवस्था सुधार्नुपर्ने मागसमेत उठेको छ। जनसरोकार अभियानले यात्रुले दैनिक भोग्दै आएका समस्या समाधान गर्न नेपाल रेल-वे कम्पनीका महाप्रबन्धकलाई १० बुँदे ज्ञापनपत्र बुझाएको छ।

अभियानका पदाधिकारीले बुधवार रेल-वे कम्पनीको जनकपुरधामस्थित कार्यालय पुगेर स्टेसन तथा प्लेटफर्मको सरसफाइ, यात्रु सुविधाको व्यवस्थापन, भौतिक संरचनाको मर्मतसम्भार र रेल-वे सेवाको विस्तारलगायत विषयमा तत्काल सुधार गर्न माग गरेका हुन्।

अभियानका संयोजक जितेन्द्र महासेठले जनकपुरधाम धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक महत्त्व बोकेको अन्तर्राष्ट्रिय पहिचानको शहर भएकाले यहाँको रेल-वे सेवा पनि सोहीअनुसार व्यवस्थित र सुविधासम्पन्न हुनुपर्ने बताए।

उनले जनकपुरधाम माता जानकीको जन्मभूमि तथा भगवान् राम र सीताको विवाहस्थलका रूपमा विश्वभर परिचित रहेको उल्लेख गर्दै भारतबाट आउने धार्मिक पर्यटक तथा तीर्थयात्रीका लागि रेल-वे स्टेसन पहिलो प्रवेशद्वार हुने भएकाले यसको व्यवस्थापनमा विशेष ध्यान दिनुपर्ने बताए। 'अयोध्याबाट जनकपुरधामसम्म रेल सेवा सञ्चालन हुने तयारी भइरहेको बेला यहाँको रेल-वे स्टेसनको अवस्था सुधार गर्न अत्यन्त आवश्यक छ। भारतबाट आउने तीर्थयात्रीले रेलबाट ओर्लिनेबित्तिकै अव्यवस्था, फोहोर र असुविधा सामना गर्नुपर्ने अवस्था आउनु हुँदैन,' महासेठले भने।

ज्ञापनपत्रमा रेल चढ्ने तथा ओर्लिने यात्रुको सहज आवागमनका लागि उचित व्यवस्था मिलाउन, प्लेटफर्मको दैनिक सरसफाइ गर्न र यात्रु प्रतीक्षालयलाई सुविधासम्पन्न बनाई नियमित सञ्चालनमा ल्याउन माग गरिएको छ।

त्यसैगरी, बिग्रिएका भौतिक संरचनाको तत्काल मर्मतसम्भार, खानेपानी तथा शौचालयको उचित व्यवस्थापन, लामो समयदेखि प्रयोगविहीन रहेका विद्युतीय उपकरण तथा अन्य साधन मर्मत गरी सञ्चालनमा ल्याउन अभियानले आग्रह गरेको छ।

रेल-वे कम्पनीको कम्पाउन्डभित्र रहेका खाली तथा घेराबार गरिएका जग्गालाई पार्क र बगैँचाका रूपमा विकास गर्नुपर्ने, निर्माण सम्पन्न भइसकेका दैनिक हाटबजारका सटर तथा भवनलाई अविलम्ब सञ्चालनमा ल्याउनुपर्ने मागसमेत ज्ञापनपत्रमा समेटिएको छ।

निर्माण भएका संरचना प्रयोगविहीन राख्दा राज्यको लगानी खेर जाने उल्लेख गर्दै महासेठले रेल-वे परिसरलाई स्वच्छ, व्यवस्थित र पर्यटकमैत्री बनाउनुपर्नेमा जोड दिए।

जनकपुरधाम र अयोध्या दुवै हिन्दु धर्मावलम्बीका महत्त्वपूर्ण धार्मिक तथा सांस्कृतिकस्थल हुन्। जनकपुरधामस्थित जानकी मन्दिर र अयोध्यास्थित राममन्दिरलाई रेलमार्गबाट जोड्ने प्रस्तावले रामायण सर्किटको अवधारणालाई थप बल पुऱ्याउने अपेक्षा गरिएको छ।

यी दुई धार्मिक शहरबीच सीधा रेल सम्पर्क स्थापित भएमा नेपाल र भारतका श्रद्धालु तथा पर्यटकलाई आवतजावतमा सहज हुनुका साथै मिथिला र अवध क्षेत्रबीचको ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्बन्ध थप प्रगाढ हुने विश्वास गरिएको छ।

❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क
०३३-५२१२१४

दानबहादुर कार्कीले सुरक्षा सल्लाहकारको नियुक्ति पत्र बुझेका छैनन्, कार्यालय पनि गएनन्

अपन दैनिक संवाददाता
काठमाडौं, कार्तिक १९ गते

मन्त्रिपरिषद्को बैठकले बुधवार प्रहरी महानिरीक्षक दानबहादुर कार्कीलाई सरकारको सुरक्षा सल्लाहकारको जिम्मेवारी दिँदै डा. मनोजकुमार केसीलाई महानिरीक्षक नियुक्त गऱ्यो। तर, कार्कीले विहीबार दिउँसोसम्म न नियुक्ति पत्र बुझेका छन्, न त कार्यालयमा हाजिर नै भए।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रवक्ता सहसचिव हेमराज अर्यालले कार्की कार्यालय नआएको बताए। उनले सुरक्षा सल्लाहकारको नियुक्ति पत्र पनि नबुझेको अर्याल बताउँछन्। 'मन्त्रिपरिषद्को बैठकले निर्णय गरेपछि निर्णयबमोजिमको नियुक्ति पत्र दिने प्रचलन छ, पत्र त तयार होला, उहाँले बुझ्नलाई पनि आउनु भएको छैन', अर्यालले भने।

कार्की प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा हाजिर हुन गएमा उनका लागि अलग्गै कार्यकक्ष, सवारी साधन र सुरक्षा उपलब्ध हुने व्यवस्था रहेको उक्त कार्यालयस्रोतले जनायो।

यसअघि २०८० जेठमा तत्कालीन मुख्यसचिव शंकरदास बैरागीलाई सुरक्षा सल्लाहकार नियुक्त गर्दै मन्त्रिपरिषद् बैठकले डा. वैकुण्ठ अर्याललाई मुख्यसचिव बनाएको थियो। वैरागीले उक्त जिम्मेवारी स्वीकार गर्दै विशिष्ट श्रेणीको सुविधासहित काम गरेका थिए।

प्रहरी महानिरीक्षकबाट हटाइएका कार्की हाजिर हुन गएमा उनका लागि पनि त्यही सेवा-सुविधा उपलब्ध हुने मन्त्रिपरिषद् सचिवालय स्रोतले बताएको छ। कार्की भने विहीबार प्रहरी महानिरीक्षक पदमै पुनर्बहाली माग गर्दै सर्वोच्च अदालतमा रिट दायर गर्न पुगेका छन्।

उनले सुरक्षा सल्लाहकारको जिम्मेवारी सम्हालेमा उनलाई नेपाल सरकारको सचिवसरहको तलब दिइने व्यवस्था हुन्छ। अहिले सचिव, अर्थात् विशिष्ट श्रेणीका कर्मचारीको तलब स्केल ७९ हजार २९० रुपैयाँ कायम छ।

प्रहरी महानिरीक्षक र अतिरिक्त महानिरीक्षकहरूको तलब स्केल पनि त्यति नै हो। प्रहरीमा भने राशनसहितका अन्य भत्ता जोड्दा ९० हजारको हाराहारीमा तलब आउने गरेको छ।

सिरहामा विद्युत् प्राधिकरणको ट्रक र मोटरसाइकल .....

उपचारका लागि प्रादेशिक अस्पताल सिरहा पुऱ्याए पनि चिकित्सकले उनीहरूलाई मृत घोषणा गरेका थिए।

दुर्घटनापछि फरार रहेका ट्रक चालक महोत्तरीको मनरासिसवा नगरपालिका-८ निवासी करिब ३८ वर्षीय मुकेशकुमार रायलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

दुर्घटनामा संलग्न ट्रक र मोटरसाइकल प्रहरीको नियन्त्रणमा रहेको तथा घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

